**कोरोना भाइरस सम्बन्धमा प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २० गते**
प्रदेश ५ का दुई जिल्ला बाँके र रुपन्देहीमा दुई जना कोरोना भाइरस सङ्क्रमित भेट्टिए पछि उक्त जिल्लाका साथै प्रदेशका अन्य जिल्लामा समेत लकडाउनमा कडाइ गरिएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार जिल्लामा एकजना पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएपछि कोटहीमाई गाउँपालिका-१ को पुर्निहवा गाउँ सिल गरिएको छ । कोटहीमाई गाउँपालिकाको मझगाँवास्थित मर्चवार आर्दश उच्च माविको क्वारेण्टाइनमा रहेका स्थानीय २५ वर्षीय पुरुषमा वैशाख १९ गते कोरोनाको सङ्क्रमण पुष्टि भएपछि गाउँलाई सिल गरिएको हो ।
जिल्ला प्रहरी कार्यालयका एसपी हेमकुमार थापाका अनुसार अर्को आदेश नभएसम्मका लागि सिल गरिएको बताउनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार बाँकेमा कोरोना सङ्क्रमित देखिएपछि तुलसीपुर उपमनपाले नेपालगञ्जबाट आउने नाकामा कडाइ गरेको छ । नेपालगञ्जबाट आउने मुख्य नाकाका रुपमा रहेको वडा नम्बर- १३ को दमारगाउँमा २४ घण्टा चेक जाँच सुरू गरिएको छ ।
कोरोना विपद् व्यवस्थापन समितिको वैशाख २० गते बसेको बैठकले खाद्यान्न, पेट्रोलियम पदार्थ, एम्बुलेन्स लगायतका सवारीहरूलाई चेक जाँच गर्ने निर्णय गरेको र उक्त नाकाबाट सवारी चालक र सहचालकले सुरक्षा विधि अनिवार्य रुपमा पालना गरेको भए मात्रै प्रवेश गर्न दिइने निर्णय गरेको छ ।
यसैगरी सल्यानबाट भित्रिने नाका, गोठीखोला सुर्खेतबाट भित्रिने नाका, बालापुर र घोराहीबाट भित्रिने नाका बेलझुण्डीमा पनि चेक जाँच गर्ने निर्णय गरेको हो । जिल्ला बाहिरबाट आउने हरेकलाई शङ्का लागेमा मात्र क्वारेण्टाइनमा राख्ने व्यवस्था गरेको छ ।
यसैगरी घोराही र तुलसीपुरमा कपाल खरिदको व्यापार गर्ने १० जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्लाका विभिन्न क्वारेनटाईनका ३१ जना व्यक्तीहरूको स्वाब परीक्षण गर्न पठाईएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
गर्भवतीहरूको नियमित जाँच र बालबालिकाहरूलाई दिईने नियमित खोप सञ्चालन गर्नकालागि स्वास्थ्य विभागले वैशाख ७ गते परिपत्र गरे पनि जिल्लामा खोप सञ्चालन हुन सकेको छैन । सामाजिक दुरी कायम गरेर कार्यक्रम सञ्चालन गर्न भनिए अनुसार नभएका काण सञ्चालन गर्न नसकिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख योगेन्द्र भगतले बताउनु भयो ।
जिल्लाका अधिकांश स्थानीय तहले विभिन्न कारण देखाएर खोप कार्यक्रम सञ्चालन गर्न नसकिने जनाएका छन् ।
चन्द्रौटामा दुई महिना देखी बेवाारिसे अवस्थामा सडक पेटीमा बस्दै आएका दुई जना बालबालिकाको उद्दार गरिएको छ । अर्घाखाँची जिल्ला सितगङ्गा नपाका १० वर्षीय बालक र नौ वर्षीया बालिकालाई चन्द्रौटाको दुर्गा मन्दीरमा रहेको क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार लकडाउनको मौका छोपेर गिट्टी बालुवा चोरी गर्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गर्न खोज्दा प्रहरी माथि ढुङ्गा मुढा प्रहार भएको छ ।

सिमानाकामा खटिएका सशस्त्र प्रहरी बलको टोलीले नियन्त्रण लिन खोज्दा करिब ३० जनाको सङ्ख्यामा आएका स्थानीयले प्रहरीमाथि ढुङ्गा मुढा प्रहार गरेका थिए । प्रहरीले घटनाको आरोपमा सोही ठाउँका १८ वर्षीय तुफानी केवट र २० वर्षीय श्यामलाल केवटलाई गिरफ्तार गर्नुको साथै लु ४ त २२१५ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।
यसैगरी पिसिआर प्रविधिबाट वैशाख २० गते ४१ जनाको स्वाबको नमूना शुक्रराज सरुवा रोग अस्पताल , काठमाण्डौ पठाएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख गौरब ढकालले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार गुल्मीको चन्द्रकोट गाउँपालिकामा देशका विभिन्न ठाउँबाट आएकाहरूको आरडीटी परीक्षण नेगेटिभ आएको छ । गाउँपालिकाका विभिन्न क्वारेण्टाइनमा रहेका उनीहरुलाई १४ दिनसम्म क्वारेन्टाइनमा राखिएको थियो । सबैको रिपोर्ट नेगेटिभ आएपछि क्वारेण्टाइनबाट घर पठाइएको गाउँपालिकाका अध्यक्ष दोर्ण खत्रीले जानकारी दिनु भयो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपाललगञ्जमा कोरोना सङ्क्रमण देखिएका व्यक्तिको परिवार र उनको सम्पर्कमा रहेका व्यक्तिहरूको वैशाख २० गतेदेखि कोरोना परीक्षण सुरू गरिएको छ ।
उनीसँग प्रत्यक्ष सम्पर्कमा रहेका करिब ६५ जनाको पहिचान गरी कोरोना परीक्षण सुरू गरिएको जिल्ला स्वास्थ कार्यालयका फोकल पर्सन नरेन्द्र श्रेष्ठले बताउनु भयो । यसैगरी बाँकेको नरैनापुर गाउँपालिकामा रहेका मस्जिद र मदरसाका ३१ जना मौलाना, मन्दिरका सात जना पुजारी तथा क्वारेण्टाइनमा रहेका १५ जना, क्वारेण्टाइनमा कार्यरत दुई जना स्वास्थ्यकर्मी र एक जना सहयोगी गरी ५६ जनाको स्वाब सङ्कलन गरि परीक्षणका लागि पठाएको बताउनु भयो ।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार लकडाउनका कारण वैशाख १० गते देखि हालसम्म अलपत्र परेका १ हजार ४१ जनालाई हालसम्म जिल्लाका तीन वटै स्थानीय तहले उद्धार गरेको छ । जसमध्ये ५६ जना क्वारेण्टाइन र ९ सय ८५ जना होम क्वारेण्टाइनमा रहेका छन् । हाल सम्म होम क्वारेण्टाइन र क्वारेण्टाइनमा बसेकाहरूको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार छिमेकी जिल्ला बाँकेको नेपालगञ्जमा कोरोना भाइरस सङ्क्रमित भेट्टिएपछि जिल्लामा लकडाउनमा थप कडाइ गरिएको छ ।
१४ दिन क्वारेण्टाइनमा बसिसकेका मध्ये हालसम्म ९ सय ६७ जना आरडीटी परीक्षण भएको छ । वैशाख २० गते १ सय ७४ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । हालसम्म जिल्ला बाहिरबाट आउनेको सङ्ख्या १३ हजार ३ सय ४ जना पुगेको छ । जिल्लामा वैशाख २० गते सम्म १७ हजार २ सय १५ जनालाई राहत वितरण गरिएको छ ।
लकडाउनका कारण सबै भन्दा बढी कुखुरा, माछा र तरकारी उत्पादनमा सङ्लग्न किसानहरूलाई समस्या परेको छ । लकडाउनका कारण कृषकहरूको उत्पादन बारी मै कुहिने अवस्थामा पुगेको छ ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार क्वारेण्टाइनमा १४ दिन बसेका सबैको आरडीटि परीक्षण सुरू गरिएको छ । आरडीटि परीक्षण पछि सात दिन होम क्वारेण्टाइनमा बस्ने शर्तमा उनीहरूलाई घर पठाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी यादव सुवेदीले बताउनु भयो ।

जिल्लामा  कोरोना भाइरसको लक्षण देखिएका १२ जनामा गरिएको पिसिआर परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख २० गतेसम्म जिल्लाको विभिन्न स्थानमा रहेका क्वारेण्टाइनमा बसेका ७२ जनामा आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका  निमित्त प्रमुख विश्वनाथ न्यौपानेले बताउनु भयो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**